المختصر المفيد للمسلم الجديد

# नयाँ मुस्लिमका लागि संक्षिप्त र उपयोगी पुस्तिका



संकलन
मुहम्मद अश्-शहरी

# नयाँ मुस्लिमका लागि संक्षिप्त र उपयोगी पुस्तिका

संकलन
मुहम्मद अश्-शहरी




बिस्मिल्ला हिर्रहमा निर्रहीम
(अल्लाहको नामबाट आरम्भ
गर्दछु, जो अत्यन्त कृपालु र
असीम दयालु हुनुहुन्छ।)

निःसन्देह, सम्पूर्ण प्रशंसाहरू अल्लाहकै लागि हुन्। हामी उहाँकै प्रशंसा गर्छौं, उहाँसँग सहायता र क्षमा माग्छौं। हामी आफ्ना मनका बुराई र कर्मका खराबीबाट अल्लाहको शरण माग्छौं। अल्लाहले जसलाई मार्गदर्शन गर्नुहुन्छ, उसलाई कसैले पथभ्रष्ट गर्न सक्दैन र उहाँले जसलाई पथभ्रष्ट गर्नुहुन्छ, उसलाई कसैले मार्गदर्शन गर्न सक्दैन। म साक्षी दिन्छु, अल्लाहबाहेक कोही सत्य उपास्य छैन, उहाँ एक्लै हुनुहुन्छ र उहाँको कुनै साझेदार छैन। साथै, म साक्षी दिन्छु, मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका भक्त र रसूल हुनुहुन्छ।

अम्मा बाद:

अल्लाहले मानवलाई सम्मानित गर्नुभएको छ र धेरैजसो सृष्टिहरूमाथि उनीहरूलाई श्रेष्ठता प्रदान गर्नुभएको छ। उहाँले भन्नुभएको छ: {निश्चय नै हामीले आदमका सन्तानलाई सम्मानित गरेका छौं।} [सूरह अल्-इस्रा: ७०] यस उम्मतलाई अझ बढी सम्मान प्रदान गर्दै अल्लाहले आफ्ना सबैभन्दा श्रेष्ठ नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पठाउनुभयो, सबैभन्दा उत्कृष्ट ग्रन्थ पवित्र कुरआन अवतरण गर्नुभयो र उनीहरूका लागि इस्लामलाई सर्वोत्तम धर्मको रूपमा रोज्नुभयो। अल्लाहले भन्नुभएको छ: {तिमीहरू मानवजातिका लागि पठाइएको सर्वोत्तम समुदाय हौ। तिमीहरू असल कामको आदेश दिन्छौ, खराब कामबाट रोक्छौ र अल्लाहमाथि ईमान राख्छौ। यदि अहले-किताब (यहुदी र ईसाई) हरूले ईमान ल्याएका भए, त्यो उनीहरूकै लागि उत्तम हुने थियो। उनीहरूमध्ये केही ईमानवाला छन्, तर धेरैजसो अवज्ञाकारी छन्।} [सूरह आले इमरान: ११०] मानिसमाथि अल्लाहका महान् अनुग्रहहरूमध्ये एक यो पनि हो कि उहाँले मानवलाई इस्लामको मार्गदर्शन गर्नुहुन्छ, त्यसमा दृढ राख्नुहुन्छ र त्यसका आदेश तथा शिक्षाअनुसार जीवन बिताउने तौफीक (शक्ति) प्रदान गर्नुहुन्छ।

आकारमा सानो भए पनि विषयवस्तुका दृष्टिले अत्यन्त महत्त्वपूर्ण यस पुस्तिकामा नयाँ मुस्लिमले इस्लाम ग्रहण गरेपछि प्रारम्भिक चरणमा अनिवार्य रूपमा जान्नुपर्ने आधारभूत कुराहरूलाई संक्षिप्त र सरल शैलीमा प्रस्तुत गरिएको छ। यी कुराहरू बुझेर तिनअनुसार कार्यान्वयन गरेपछि उसमा थप ज्ञान हासिल गर्ने उत्साह जागृत हुन्छ। यसबाट उसले आफ्ना पालनकर्ता, आफ्ना नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) र इस्लाम धर्मका बारेमा अझ राम्रो र भरपर्दो ज्ञान प्राप्त गर्छ। त्यसपछि उसले ज्ञान र स्पष्ट प्रमाणका आधारमा अल्लाहको उपासना गर्छ, उसको हृदयमा शान्ति छाउँछ, ईमान बलियो बन्दै जान्छ र अल्लाहको इबादत तथा उहाँका रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नतको अनुसरण गर्दै उहाँको अझ निकट हुने अवसर प्राप्त गर्छ।

म अल्लाहसँग प्रार्थना गर्दछु, उहाँले यस पुस्तकका प्रत्येक शब्दमा बरकत प्रदान गरून्, यसबाट इस्लाम र मुस्लिमहरूलाई लाभान्वित गरून्, यसलाई आफ्नै प्रसन्नताका लागि विशुद्ध बनाउन् र यसको प्रतिफल जीवित तथा मृत सबै मुस्लिमहरूलाई प्रदान गरून्, (आमीन)।

अल्लाहले हाम्रा नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम), उहाँका परिवार र सम्पूर्ण सहाबाहरूमाथि दया, शान्ति र बरकत अवतरित गरून्।

**मुहम्मद बिन अश्-शैबह अश्-शहरी**
२ / ११ / १४४१ हिजरी

# विषय-सूची


मेरो पालनकर्ता अल्लाह हुनुहुन्छ 09
मेरो नबी मुहम्मद ﷺ हुनुहुन्छ 15
पवित्र कुरआन मेरा पालनकर्ताको वाणी हो 19
इस्लामका आधारभूत स्तम्भहरूबारे जानौँ 23
ईमानका आधारभूत स्तम्भहरूबारे जानौँ 37
वुजू गर्न सिकौँ 47
खुफ र मोजामाथि मसह गर्नु 55
गुस्ल (स्नान) 61
तयम्मुम 65
नमाज पढ्न सिकौँ 69
मुस्लिम महिलाको हिजाब 79
मोमिनका विशेषताहरू 83
मेरो खुशी मेरो इस्लाम धर्ममा निहित छ 89



ربي الله

# मेरो पालनकर्ता अल्लाह हुनुहुन्छ

- अल्लाहले भन्नुभएको छ: {हे मानिसहरू! आफ्नो पालनकर्ताको उपासना गर, जसले तिमीहरूलाई र तिमीहरूभन्दा अघिकाहरूलाई सृष्टि गर्नुभयो, ताकि तिमीहरू धर्मपरायण बन्न सक।} [सूरह अल्-बकरह: २१]
- अल्लाहले भन्नुभएको छ: {उहाँ अल्लाह हुनुहुन्छ, उहाँबाहेक कुनै सत्य उपास्य छैन।} [सूरह अल्-हश्र: २२]
- अल्लाहले भन्नुभएको छ: {उहाँजस्तो कुनै पनि वस्तु छैन र उहाँ सर्वश्रोता र सर्वद्रष्टा हुनुहुन्छ।} [सूरह अश्-शूरा: ११]
- अल्लाह मेरा पालनकर्ता, सबै कुराका पालनकर्ता, मालिक, सृष्टिकर्ता, जीविका प्रदान कर्ता र सम्पूर्ण सृष्टिको व्यवस्थापन कर्ता हुनुहुन्छ।
- उहाँ मात्र उपासना योग्य हुनुहुन्छ। उहाँबाहेक कुनै पालनकर्ता र कुनै सत्य उपास्य छैन।
- उहाँका लागि सबैभन्दा उत्कृष्ट नामहरू र सर्वोच्च गुणहरू छन्, जसलाई उहाँले आफ्ना लागि स्थापित गर्नुभएको छ र उहाँका नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले पनि पुष्टि गर्नुभएको छ। ती नाम र गुणहरू पूर्णता र उत्कृष्टताको सर्वोच्च स्तरमा छन्। उहाँ जस्तो कोही छैन र उहाँ सर्वश्रोता तथा सर्वद्रष्टा हुनुहुन्छ।

## उहाँका केही उत्कृष्ट नामहरू यस प्रकार छन्:

अर्-रज्जाक (सबैलाई जीविका प्रदान गर्ने)। - अर्-रहमान (अत्यन्त कृपालु)। - अल्-कदीर (सर्वशक्तिमान)। - अल्-मलिक (सम्पूर्ण सृष्टिका मालिक)। - अस्-समीअ (सर्वश्रोता)। - अस्-सलाम (सबै दोष र त्रुटिबाट पूर्णतः पवित्र)। - अल्-बसीर (सर्वद्रष्टा)। - अल्-वकील (संरक्षक)। - अल्-खालिक (सृष्टिकर्ता)। - अल्-लतीफ (अत्यन्त सूक्ष्मदर्शी)। - अल्-काफी (एक्लै पर्याप्त हुने)।- अल्-गफूर (अत्यन्त क्षमाशील)।



## अर्-रज्जाक:

उहाँ आफ्ना भक्तहरूका जीविकाको जिम्मा लिनुहुन्छ। उहाँले उनीहरूका हृदय र शरीरको जीवन धान्ने सबै प्रकारका जीविका प्रदान गर्नुहुन्छ।

## अर्-रहमान:

उहाँ असीम र व्यापक दयाका धनी हुनुहुन्छ, जसको दया हरेक वस्तुलाई समेटेको छ।

## अल्-कदीर:

उहाँ पूर्ण शक्तिका मालिक हुनुहुन्छ। उहाँलाई कुनै असमर्थता, थकान वा कमजोरीले छुँदैन।

## अल्-मलिक:

उहाँ महानता, प्रभुत्व र सम्पूर्ण व्यवस्थापनका गुणले परिपूर्ण हुनुहुन्छ। उहाँ सबै वस्तुका वास्तविक मालिक हुनुहुन्छ र तिनमा आफूले चाहेअनुसार अधिकारपूर्वक व्यवस्था गर्नुहुन्छ।

## अस्-समीअ:

उहाँ सबै कुरा सुन्नुहुन्छ; चाहे ती गोप्य होऊन् वा प्रकट।

## अस्-सलाम:

उहाँ प्रत्येक कमी, दोष, त्रुटि र अपूर्णताबाट पूर्णतः पवित्र हुनुहुन्छ।

## अल्-बसीर:

उहाँको दृष्टिले साना वा सूक्ष्मभन्दा सूक्ष्म सबै वस्तुलाई समेटेको छ। उहाँ सबै वस्तुहरूको वास्तविकताबारे सूक्ष्म ज्ञान राख्नुहुन्छ र तिनका अन्तर्य तथा गुप्त अवस्थाहरूबारे पूर्ण रूपमा जानकार हुनुहुन्छ।

## अल्-वकील:

उहाँ आफ्ना सम्पूर्ण सृष्टिको जीविकाको जिम्मा लिनुहुन्छ, उनीहरूको हित–कल्याणको व्यवस्था गर्नुहुन्छ र आफ्ना असल भक्तहरूको संरक्षक भई उनीहरूका कामहरू सहज बनाइदिनुहुन्छ तथा उनीहरूका लागि पर्याप्त हुनुहुन्छ।

## अल्-खालिक:

उहाँ सबै वस्तुका सृष्टिकर्ता हुनुहुन्छ। उहाँले कुनै पूर्व नमुना वा उदाहरणबिना नै सबै चीजको सिर्जना गर्नुभएको हो।



मुस्लिमले अल्लाहको अद्भुत सृष्टि र उहाँको उत्कृष्ट व्यवस्थापनबारे चिन्तन गर्नुपर्छ। यसको एउटा उदाहरण सृष्टिका प्राणीहरूले आफ्ना बच्चाहरूलाई खुवाउने, हेरचाह गर्ने र उनीहरू आफैँ बाँच्न सक्ने अवस्थामा नपुगेसम्म संरक्षण गर्ने स्वाभाविक व्यवस्था हो। त्यसैले उहाँ अत्यन्त पवित्र हुनुहुन्छ। उहाँ नै तिनीहरूका सृष्टिकर्ता हुनुहुन्छ र उनीहरूमाथि अत्यन्त कृपालु हुनुहुन्छ। उहाँकै सूक्ष्म कृपाका कारण उहाँले तिनीहरूको कमजोरीका बाबजुद पनि जीवनयापन र हितका लागि आवश्यक सबै साधनहरू उपलब्ध गराउनुभएको छ।



## अल्-लतीफ:

उहाँ आफ्ना भक्तहरूमाथि अत्यन्त कृपालु हुनुहुन्छ। उहाँ उनीहरूलाई सम्मान गर्नुहुन्छ, दया गर्नुहुन्छ र उनीहरूले मागेका कुराहरू प्रदान गर्नुहुन्छ।

## अल्-काफी:

उहाँ आफ्ना भक्तहरूलाई उनीहरूलाई आवश्यक पर्ने सबै कुरा पर्याप्त गराइदिनुहुन्छ। उहाँको सहायता मात्र पर्याप्त हुन्छ र उहाँबाहेक अरू कसैको आवश्यकता पर्दैन।

## अल्-गफूर:

उहाँ आफ्ना भक्तहरूलाई उनीहरूका पापहरूको दुष्परिणामबाट जोगाउनुहुन्छ र तिनका कारण उनीहरूलाई दण्ड दिनुहुन्न।




نبيي محمد صلى الله عليه وسلم
मेरो नबी मुहम्मद ﷺ
हुनुहुन्छ




قال تعالى:

﴿لَقَدْ جَآءَكُمْ رَسُولٌ مِّنْ أَنفُسِكُمْ عَزِيزٌ عَلَيْهِ مَا عَنِتُّمْ حَرِيصٌ عَلَيْكُم بِٱلْمُؤْمِنِينَ رَءُوفٌ رَّحِيمٌ ﴿١٢٨﴾﴾ (التوبة : ١٢٨).

अल्लाह तआलाले भन्नुभएको छ: {निश्चय नै तिमीहरूबाट तिमीहरूकहाँ एक जना रसूल आउनुभएको छ। तिमीहरूलाई कुनै दुःख वा कष्ट आइपर्दा त्यो उहाँका लागि अत्यन्त पीडादायी हुन्छ। उहाँ तिमीहरूको भलाइको अत्यन्तै चाहना राख्नुहुन्छ र ईमानवालाहरूप्रति अत्यन्त ममतामय तथा असीम दयालु हुनुहुन्छ।} [सूरह अत्-तौबह: १२८]



- अल्लाह तआलाले भन्नुभएको छ: {हामीले तपाईंलाई सम्पूर्ण संसारका लागि केवल रहमत (दयाको स्रोत) बनाएर पठाएका हौँ।} [सूरह अल्-अम्बिया: १०७]

## नबी मुहम्मद ﷺ सम्पूर्ण मानवजातिका लागि रहमत हुनुहुन्छ

उहाँ मुहम्मद बिन अब्दुल्लाह ﷺ हुनुहुन्छ, जो सम्पूर्ण नबी तथा रसूलहरूमध्ये अन्तिम नबी र समापक हुनुहुन्छ। अल्लाह तआलाले उहाँलाई इस्लाम धर्मसहित सम्पूर्ण मानवजातितर्फ आह्वान गर्न पठाउनुभयो, ताकि उहाँले उनीहरूलाई भलाइतर्फ मार्गदर्शन गरून्, जसको सबैभन्दा महान् रूप तौहीद (अल्लाहको एकत्व) हो र उनीहरूलाई बुराईबाट रोकून्, जसको सबैभन्दा ठूलो रूप शिर्क (अल्लाहसँग साझेदार ठहराउनु) हो।

उहाँले आदेश दिनुभएका सबै कुरामा उहाँको आज्ञापालन गर्नु, उहाँले दिएका प्रत्येक समाचारलाई सत्य मान्नु, उहाँले निषेध गरेका र रोक्नुभएका सबै कुराबाट टाढा रहनु र अल्लाहको उपासना केवल उहाँले तोकिदिनुभएको तरिकाअनुसार मात्र गर्नु अनिवार्य छ।

उहाँको सन्देश तथा उहाँभन्दा अघिका सम्पूर्ण नबीहरूको सन्देश एउटै थियो; केवल एक अल्लाहको उपासना गर्न आह्वान गर्नु, जसको कुनै साझेदार छैन।

**नबी मुहम्मद ﷺ का केही गुणहरू:**

- इमानदारी
- करुणा
- कोमलता
- धैर्यता
- साहस
- उदारता
- असल आचरण
- न्याय
- नम्रता
- क्षमाशीलता



القرآن الكريم كلام ربي

# पवित्र कुरआन मेरा पालनकर्ताको वाणी हो





قال تعالى:

﴿يَٰٓأَيُّهَا ٱلنَّاسُ قَدۡ جَآءَكُم بُرۡهَٰنٞ مِّن رَّبِّكُمۡ وَأَنزَلۡنَآ إِلَيۡكُمۡ نُورٗا مُّبِينٗا ١٧٤﴾ (النساء : ١٧٤).

अल्लाहले भन्नुभएको छ:

{हे मानिसहरू! तिमीहरूका पालनकर्ताको तर्फबाट तिमीहरूकहाँ एउटा स्पष्ट प्रमाण आइसकेको छ र हामीले तिमीहरूतर्फ एउटा स्पष्ट प्रकाश अवतरण गरेका छौं।} [सूरह अन्-निसा: १७४]





पवित्र कुरआन: अल्लाहको वाणी हो, जसलाई उहाँले आफ्ना नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि अवतरण गर्नुभयो, ताकि उहाँले मानिसहरूलाई अन्धकारबाट उज्यालोतर्फ निकालोस् र उनीहरूलाई सत्य मार्ग देखाओस्।

जसले यसलाई पढ्छ, उसले ठूलो प्रतिफल पाउँछ; र जसले यसको मार्गदर्शनअनुसार आचरण गर्छ, ऊ सोझो र सत्य मार्गमा हिँड्छ।




أتعرف على أركان الإسلام
इस्लामका आधारभूत
स्तम्भहरूबारे जानौँ

**नबी ﷺ ले भन्नुभयो:**

**“इस्लाम पाँच आधारहरूमा स्थापित गरिएको छ: अल्लाहबाहेक कुनै साँचो उपास्य छैन र मुहम्मद अल्लाहका रसूल हुनुहुन्छ भनी गवाही दिनु, नमाज कायम गर्नु, जकात अदा गर्नु, रमजानको रोजा राख्नु र बैतुल्लाह (काबा) को हज गर्नु।”**

इस्लामका स्तम्भहरू ती अनिवार्य इबादतहरू हुन्, जसको पालना प्रत्येक मुस्लिमले गर्नुपर्छ। तिनको अनिवार्यतामाथि विश्वास गरी तिनको पालन नगरी कसैको इस्लाम पूर्ण हुँदैन। इस्लामको आधार नै यिनै स्तम्भहरूमा रहेको हुनाले यिनलाई ‘अर्कानुल-इस्लाम’ (इस्लामका स्तम्भहरू) भनिन्छ।

**यी स्तम्भहरू यसप्रकार छन्:**

# इस्लामका स्तम्भहरू

1. अल्लाहबाहेक कुनै सत्य उपास्य छैन र मुहम्मद अल्लाहका रसूल हुन् भन्ने गवाही दिनु।
2. नमाज कायम गर्नु
3. जकात दिनु
4. रमजान महिनाको रोजा राख्नु
5. अल्लाहको पवित्र घर (काबा) को हज गर्नु





## पहिलो स्तम्भ

### अल्लाहबाहेक कुनै सत्य उपास्य छैन र मुहम्मद अल्लाहका रसूल हुन् भन्ने गवाही दिनु।

- अल्लाहले भन्नुभएको छ: {त्यसैले जानिराख, अल्लाहबाहेक कुनै सत्य उपास्य छैन।} [सूरह मुहम्मद: १९]
- अल्लाह तआलाले भन्नुभएको छ: {निश्चय नै तिमीहरूमध्येबाटै तिमीहरूकहाँ एक जना रसूल आउनुभएको छ। तिमीहरूलाई कुनै दुःख वा कष्ट पुग्दा त्यो उहाँलाई अत्यन्तै गाह्रो लाग्छ। उहाँ तिमीहरूको भलाइप्रति अत्यन्तै इच्छुक हुनुहुन्छ र ईमानवालाहरूप्रति अत्यन्त ममतामय तथा असीम दयालु हुनुहुन्छ।} [सूरह अत्-तौबह: १२८]

'अल्लाहबाहेक कुनै सत्य उपास्य छैन' भन्ने गवाहीको अर्थ: अल्लाहबाहेक कुनै पनि सत्य उपास्य छैन।

'मुहम्मद अल्लाहका रसूल हुन्' भन्ने गवाहीको अर्थ: उहाँले दिनुभएका आदेशहरूको आज्ञापालन गर्नु, उहाँले दिनुभएका समाचारहरूलाई सत्य मान्नु, उहाँले निषेध गर्नुभएका कुराहरूबाट टाढा रहनु र उहाँले निर्धारित गर्नुभएको तरिकाअनुसार मात्र अल्लाहको उपासना गर्नु।

# दोस्रो स्तम्भ

## नमाज कायम गर्नु

- अल्लाहले भन्नुभएको छ: {नमाज कायम गर।} [सूरह अल्-बकरह: ११०]
- नमाज कायम गर्नु भनेको अल्लाहले निर्धारित गर्नुभएको र उहाँका रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले सिकाउनुभएको तरिकाअनुसार नमाज अदा गर्नु हो।




BAB AL EMAN



## तेस्रो स्तम्भ

### जकात दिनु

- अल्लाहले भन्नुभएको छ: {जकात देऊ।} [सूरह अल्-बकरह: ११०]
- अल्लाहले जकातलाई मुस्लिमको ईमानको सत्यताको परीक्षा, धनप्रति उहाँप्रतिको कृतज्ञता तथा गरिब र आवश्यकतामा परेकाहरूको सहयोगका लागि अनिवार्य गर्नुभएको छ।
- जकात अदा गर्नु भनेको त्यसका हकदारहरूलाई जकात प्रदान गर्नु हो।
- धन निश्चित मात्रा (निसाब) मा पुगेपछि त्यसमा जकात अनिवार्य हुन्छ र कुरआनमा अल्लाहले उल्लेख गर्नुभएका आठ वर्गका हकदारहरूलाई प्रदान गरिन्छ, जसमा गरिब र विपन्न पनि पर्छन्।
- जकात अदा गर्नुमा दया र करुणाको भावना प्रकट हुन्छ, यसले मुस्लिमको आचरण र धनसम्पत्तिलाई पवित्र बनाउँछ, गरिब तथा विपन्नहरूको मनलाई सन्तुष्ट पार्छ र मुस्लिम समाजका सदस्यहरूबीच प्रेम तथा भ्रातृत्वको सम्बन्धलाई सुदृढ बनाउँछ। त्यसैले असल मुस्लिमले जकात अदा गर्दा मनदेखि खुसी र प्रसन्न भएर अदा गर्छ, किनकि यसबाट अन्य मानिसहरूलाई पनि खुसी प्राप्त हुन्छ।
- धनसम्पत्तिमा जकातको मात्रा २.५% हो। यो सुन, चाँदी, नगद तथा बिक्री–खरीद गरी नाफा कमाउने उद्देश्यले राखिएका व्यापारिक सामानमा लाग्छ। जब त्यस्ता धनसम्पत्तिको मूल्य निश्चित निसाबसम्म पुग्छ र त्यसमा चन्द्र वर्षअनुसार एक वर्ष पूरा हुन्छ, तब २.५% जकात तिर्नुपर्छ।
- त्यस्तै, जससँग निश्चित सङ्ख्यामा ऊँट, गाई वा भेडा–बाख्रा छन् र ती पशुहरूलाई वर्षको अधिकांश समय प्राकृतिक चरनमा चराइन्छ तथा मालिकले अतिरिक्त दाना–चारा खुवाउँदैन भने, तिनमा पनि जकात अनिवार्य हुन्छ।
- यसैगरी, निश्चित मात्रामा पुगेका अन्न, फलफूल, खनिज तथा भूमिबाट प्राप्त खजानामा पनि जकात अनिवार्य हुन्छ।



# चौथो स्तम्भ

## रमजान महिनाको रोजा राख्नु

- अल्लाहले भन्नुभएको छ: {हे ईमानवालाहरू! तिमीहरूमाथि रोजा अनिवार्य गरिएको छ, जसरी तिमीहरूभन्दा अघिका मानिसहरूमाथि अनिवार्य गरिएको थियो, ताकि तिमीहरू धर्मपरायण बन्न सक।} [सूरह अल्-बकरह: १८३]
- रमजान: हिजरी संवतको नवौँ महिना हो। यो मुस्लिमहरूका लागि अत्यन्त सम्मानित महिना हो र अन्य महिनाभन्दा विशेष महत्त्व राख्छ। यस महिनाको पूरा रोजा राख्नु इस्लामका पाँच स्तम्भहरूमध्ये एक हो।
- रमजानको रोजा: अल्लाहको उपासनाको उद्देश्यले बिहानको साँचो उज्यालो (फज्र सादिक) देखि सूर्यास्तसम्म खाने, पिउने, वैवाहिक सम्बन्ध तथा रोजा तोड्ने अन्य सबै कुराबाट टाढा रहनु हो।



## पाँचौँ स्तम्भ

### अल्लाहको पवित्र घर (काबा) को हज गर्नु

- अल्लाहले भन्नुभएको छः {जो त्यहाँ पुग्न सक्ने क्षमता राख्छ, उसले अल्लाहका लागि त्यस घरको हज गर्नु अनिवार्य छ।} [सूरह आले इमरानः ९७]
- हज शारीरिक तथा आर्थिक रूपमा सक्षम प्रत्येक मुस्लिममाथि जीवनमा एकपटक अनिवार्य छ। हज भनेको निश्चित समयमा मक्का मुकर्रमास्थित पवित्र काबा र अन्य पवित्र स्थलहरूमा गई निर्धारित इबादतहरू गर्नु हो।
- नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हज गर्नुभएको थियो र उहाँभन्दा अघिका अन्य नबीहरूले पनि हज गरेका थिए। साथै, अल्लाहले इब्राहीम (अलैहिस्सलाम) लाई मानिसहरूलाई हजका लागि आह्वान गर्न आदेश दिनुभएको थियो। यसबारे अल्लाहले पवित्र कुरआनमा भन्नुभएको छः{मानिसहरूलाई हजको घोषणा गर। उनीहरू पैदल र दुब्ला–पातला ऊँटमा सवार भएर हरेक टाढाटाढाका बाटोबाट तिमीकहाँ आउनेछन्।} [सूरह अल्-हज्जः २७]







أتعرف على أركان الإيمان

# ईमानका आधारभूत स्तम्भहरूबारे जानौँ

नबी (सल्लल्लाहु अलैहि वसल्लम) सँग ईमानबारे सोधिँदा उहाँले भन्नुभयो:"ईमान भनेको अल्लाह, उहाँका फरिश्ताहरू, उहाँका किताबहरू, उहाँका रसूलहरू, आखिरतको दिन तथा राम्रो–नराम्रो सबै तक्दीरमाथि विश्वास गर्नु हो।"

ईमानका स्तम्भहरू वास्तवमा हृदयसँग सम्बन्धित अनिवार्य इबादतहरू हुन्, जसमा विश्वास नगरी कुनै व्यक्तिको इस्लाम पूर्ण हुँदैन। त्यसैले यिनलाई 'अर्कानुल-ईमान' (ईमानका स्तम्भहरू) भनिन्छ।

ईमानका स्तम्भ र इस्लामका स्तम्भबीचको भिन्नता यो हो कि इस्लामका स्तम्भहरू बाह्य कर्महरू हुन्, जुन मानिसले आफ्ना अङ्गद्वारा गर्छ, जस्तै: शाहादत (कलिमा) पढ्नु, नमाज अदा गर्नु र जकात दिनु। तर ईमानका स्तम्भहरू हृदयका कर्महरू हुन्, जस्तै: अल्लाह, उहाँका किताबहरू र उहाँका रसूलहरूमाथि विश्वास गर्नु।

## ईमानको अवधारणा र अर्थ:

हृदयले अल्लाह, उहाँका फरिश्ताहरू, उहाँका किताबहरू, उहाँका रसूलहरू, आखिरतको दिन तथा राम्रो र नराम्रो सबै तक्दीरमाथि दृढ विश्वास गर्नु, साथै रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले ल्याउनुभएको सम्पूर्ण शिक्षालाई स्वीकार गरी त्यसअनुसार कर्म गर्नु हो। यसमा जिब्रोद्वारा गरिने कर्महरू पनि पर्दछन्, जस्तै: «ला इलाहा इल्लल्लाह» भन्नु, कुरआन पढ्नु, तस्बीह, तहलील तथा अल्लाहको प्रशंसा गर्नु।

त्यसैगरी, शरीरका अङ्गद्वारा गरिने कर्महरू पनि यसमा पर्दछन्, जस्तै: नमाज पढ्नु, हज गर्नु र रोजा राख्नु। हृदयसँग सम्बन्धित कर्महरू पनि यसमा पर्दछन्, जस्तै: अल्लाहलाई प्रेम गर्नु, उहाँसँग डराउनु, उहाँमाथि भरोसा गर्नु र उहाँकै लागि निष्कपट हुनु।

विद्वानहरूले संक्षेपमा ईमानको परिभाषा यसरी गरेका छन्: हृदयले दृढ विश्वास गर्नु, जिब्रोले स्वीकार गर्नु र अङ्गहरूद्वारा कर्म गर्नु, ईमान आज्ञापालनले बढ्छ र अवज्ञाले घट्छ।



# पहिलो स्तम्भ

## अल्लाहमाथि ईमान

अल्लाह तआलाले भन्नुभएको छ: {निश्चय नै साँच्चा ईमानवाला त तिनीहरू नै हुन्, जसले अल्लाह र उहाँका रसूलमाथि ईमान ल्याएका छन्।} [सूरह अन्-नूर: ६२]

अल्लाहमाथि ईमान ल्याउनु भनेको उहाँको रुबुबिय्यत (प्रभुत्व), उलुहिय्यत (उपासनाको अधिकार) तथा उहाँका नाम र गुणहरूमा उहाँको तौहीद (एकत्व) लाई स्वीकार गर्नु हो। यसमा निम्न कुराहरू समावेश छन्:

- अल्लाह (सुब्हानहु व तआला) को अस्तित्वमा ईमान राख्नु।
- उहाँको रुबुबिय्यत (प्रभुत्व) मा ईमान राख्नु; उहाँ नै सबै कुराका मालिक, सृष्टिकर्ता, जीविका प्रदान कर्ता र सम्पूर्ण सृष्टिको व्यवस्थापन गर्नुहुन्छ भन्ने विश्वास गर्नु।
- उहाँको उलुहिय्यत (उपासनाको अधिकार) मा ईमान राख्नु; उहाँ एक्लै सबै प्रकारका इबादतका सच्चा हकदार हुनुहुन्छ र उहाँको कुनै साझेदार छैन भन्ने विश्वास गर्नु। जस्तै: नमाज, दुआ, भाकल (नजर), कुर्बानी, सहायता माग्नु, शरण माग्नु तथा अन्य सबै प्रकारका इबादतहरू केवल उहाँकै लागि समर्पित गर्नु।
- उहाँका उत्कृष्ट नामहरू (अस्माउल हुस्ना) र सर्वोच्च गुणहरू (सिफातुल-उला) माथि ईमान राख्नु; अल्लाहले आफ्नो लागि वा उहाँको नबी ﷺ ले अल्लाहका लागि प्रमाणित गर्नुभएका सबै नाम र गुणहरूलाई पुष्टि गर्नु र अल्लाहले आफ्नो लागि वा उहाँका नबी ﷺ ले अल्लाहका लागि अस्वीकार गर्नुभएका सबै कुरालाई अस्वीकार गर्नु। साथै, उहाँका सबै नाम र गुणहरू पूर्णता र उत्कृष्टताको उच्चतम स्तरमा छन् भन्ने विश्वास गर्नु। उहाँजस्तो कुनै पनि वस्तु छैन र उहाँ सर्वश्रोता र सर्वद्रष्टा हुनुहुन्छ।



## दोस्रो स्तम्भ

### फरिश्ताहरूमाथि ईमान

अल्लाह तआलाले भन्नुभएको छ: {सबै प्रशंसा अल्लाहकै लागि हो, जो आकाशहरू र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ। उहाँले फरिश्ताहरूलाई दुई–दुई, तीन–तीन र चार–चार पखेटा भएका सन्देशवाहक बनाउनुभएको छ। उहाँले सृष्टिमा आफूले चाहेजति वृद्धि गर्नुहुन्छ। निःसन्देह, अल्लाह हरेक कुरामाथि पूर्ण शक्ति राख्नुहुन्छ।} [सूरह फातिर: १]

हामी विश्वास गर्छौं: फरिश्ताहरू अदृश्य संसारका प्राणी हुन्। अल्लाहले तिनीहरूलाई नूर (प्रकाश) बाट सृष्टि गर्नुभएको हो। तिनीहरू उहाँका आज्ञाकारी सेवक हुन् र सधैँ उहाँको आदेशको पालना गर्छन्।

उनीहरू अल्लाहका महान् सृष्टिहरू हुन्। उनीहरूको सङ्ख्या र शक्तिको पूर्ण ज्ञान केवल अल्लाहलाई मात्र छ। अल्लाहले प्रत्येक फरिश्तालाई विशेष गुण, नाम र जिम्मेवारी प्रदान गर्नुभएको छ। तिनीहरूमध्ये जिब्रिल (अलैहिस्सलाम) पनि हुनुहुन्छ, जसलाई अल्लाहले वही (ईश्वरीय प्रकाश) ल्याउने जिम्मेवारी सुम्पिनुभएको थियो। उहाँ अल्लाहको आदेशअनुसार उहाँका रसूलहरूसमक्ष वही लिएर आउनुहुन्थ्यो।



## तेस्रो स्तम्भ

### अल्लाहका किताबहरूमाथि ईमान

- अल्लाह तआलाले भन्नुभएको छ: {भन: 'हामी अल्लाहमाथि ईमान ल्यायौँ र हामीमाथि अवतरित गरिएको तथा इब्राहीम, इस्माइल, इस्हाक, याकूब र उनका सन्तानहरूमाथि अवतरित गरिएको कुरामाथि पनि। साथै, मूसा, ईसा र अन्य नबीहरूलाई उनीहरूका पालनकर्ताको तर्फबाट प्रदान गरिएको सबै कुरामाथि पनि हामी ईमान ल्यायौँ। हामी उनीहरूमध्ये कसैको बीचमा कुनै भेदभाव गर्दैनौँ र हामी अल्लाहप्रति समर्पित (मुस्लिम) हौँ।} [सूरह अल्-बकरह: १३६]
- सबै आकाशीय (दिव्य) किताबहरू अल्लाहका वचन हुन् भन्ने दृढ विश्वास राख्नु।
- यी सबै किताबहरू अल्लाहले आफ्ना रसूलहरूमाथि सत्यसहित अवतरित गर्नुभएको हो भन्ने विश्वास राख्नु।
- अल्लाहले आफ्ना नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई सम्पूर्ण मानवजातिका लागि विश्वव्यापी रसूल बनाएर पठाउनुभयो। अल्लाहले उहाँमार्फत अघिल्ला सबै शरिअतहरूलाई रद्द गर्नुभयो र पवित्र कुरआनलाई सबै आकाशीय किताबहरूमाथि प्रमाणिक र संरक्षक बनाउनु भयो। अल्लाहले पवित्र कुरआनलाई हरेक प्रकारको परिवर्तन र विकृतिबाट सुरक्षित राख्ने जिम्मा स्वयं लिनुभएको छ। उहाँले भन्नुभएको छ:{निःसन्देह, हामीले नै यो उपदेश (कुरआन) अवतरण गरेका हौँ र निश्चय नै हामी नै यसको संरक्षण गर्नेछौँ।} [सूरह अल्-हिज्र: ९]; किनभने पवित्र कुरआन मानवजातिका लागि अल्लाहको अन्तिम किताब हो, नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अन्तिम रसूल हुनुहुन्छ र इस्लाम नै त्यो धर्म हो, जसलाई अल्लाहले कयामतसम्म सम्पूर्ण मानवजातिका लागि रोज्नुभएको र स्वीकार गर्नुभएको छ। अल्लाहले भन्नुभएको छ: {निःसन्देह, अल्लाहको दृष्टिमा स्वीकार्य धर्म इस्लाम नै हो।} [सूरह आले इमरान: १९]



## अल्लाह तआलाले आफ्नो किताब (कुरआन) मा उल्लेख गर्नुभएका आकाशीय किताबहरू यी हुन्:

**पवित्र कुरआन:**

अल्लाहले यसलाई आफ्ना नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि अवतरित गर्नुभयो।

**तौरात:**

अल्लाहले यसलाई आफ्ना नबी मूसा (अलैहिस्सलाम) माथि अवतरित गर्नुभयो।

**इन्जील:**

अल्लाहले यसलाई आफ्ना नबी ईसा (अलैहिस्सलाम) माथि अवतरित गर्नुभयो।

**जबूर:**

अल्लाहले यसलाई आफ्ना नबी दाऊद (अलैहिस्सलाम) माथि अवतरित गर्नुभयो।

**सुहुफि इब्राहीम:**

अल्लाहले यसलाई आफ्ना नबी इब्राहीम (अलैहिस्सलाम) माथि अवतरित गर्नुभयो।



# चौथो स्तम्भ

## रसूलहरूमाथि ईमान

- अल्लाह तआलाले भन्नुभएको छः {८ निःसन्देह, हामीले प्रत्येक समुदायमा रसूल पठायौँ, (यस सन्देशसहित:) 'अल्लाहकै इबादत गर र तागुतबाट टाढा बस।'} [सूरह अन्-नहलः ३६]
- अल्लाहले प्रत्येक समुदायमा एक जना रसूल पठाउनुभएको थियो, जसले मानिसहरूलाई एकमात्र अल्लाहको इबादत गर्न र उहाँबाहेक पूजिने सबैलाई इन्कार गर्न आह्वान गरे भन्ने दृढ विश्वास राख्नु।
- उनीहरू सबै मानव पुरुष तथा अल्लाहका दास हुन्। उनीहरू सबै सत्यवादी, सत्य प्रमाणित भएका, धर्मपरायण र विश्वसनीय, मार्गदर्शक तथा सन्मार्गमा हिँड्नेहरू हुन्। अल्लाहले उनीहरूको सत्यताको प्रमाण दिने चमत्कारहरूद्वारा उनीहरूलाई समर्थन गर्नुभयो। उनीहरूले अल्लाहले उनीहरूलाई जुन सन्देशसहित पठाउनुभएको थियो, त्यसको पूर्ण रूपमा प्रचार–प्रसार गरे। उनीहरू सबै स्पष्ट सत्य र प्रस्ट मार्गदर्शनमा थिए।
- सबै रसूलहरूको दावत (आह्वान) को मूल आधार एउटै थियो; एकमात्र अल्लाहको इबादत गर्नु र उहाँसँग कुनै पनि कुरालाई साझेदार नठहराउनु।

## पाँचौँ स्तम्भ

### आखिरतको दिनमाथि ईमान

- अल्लाह तआलाले भन्नुभएको छ: {अल्लाहबाहेक कुनै सत्य उपास्य छैन। उहाँले तिमीहरू सबैलाई अवश्य नै कयामतको दिन एकत्रित गर्नुहुनेछ, जसमा कुनै शङ्का छैन। अल्लाहभन्दा बढी सत्य कुरा गर्ने अरू को हुन सक्छ?} [सूरह अन्-निसा: ८७]
- आखिरत (कयामत) को दिनसँग सम्बन्धित सबै कुरामाथि दृढ विश्वास राख्नु, जसको बारेमा अल्लाहले आफ्नो पवित्र किताबमा वा उहाँका रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले जानकारी दिनुभएको छ। जस्तै: मृत्यु, पुनर्जीवन, हश्र (सबैलाई एकत्र गरिनु), शफाअत (सिफारिस), तराजु (कर्म तौलिने), हिसाब–किताब, जन्नत, जहन्नम तथा आखिरतसँग सम्बन्धित अन्य सबै कुराहरू।



## छैटौँ स्तम्भ

### तक्दीर (भाग्य) को राम्रो र नराम्रोमाथि ईमान

- अल्लाह तआलाले भन्नुभएको छ: {निःसन्देह, हामीले प्रत्येक वस्तुलाई निश्चित तक्दीरअनुसार सृष्टि गरेका छौँ।} [सूरह अल्–कमर: ४९]
- यस संसारमा सृष्टिमाथि घट्ने सबै घटना अल्लाहको ज्ञान, तक्दीर र व्यवस्थापनअनुसार नै हुन्छन् र यसमा उहाँको कुनै साझेदार छैन भन्ने विश्वास गर्नु। यी सबै तक्दीरहरू मानिसको सृष्टिभन्दा पहिल्यै नै लेखिएका छन्। साथै, मानिससँग आफ्नै इच्छा र छनोट हुन्छ र उसले आफ्ना कर्महरू वास्तवमै स्वयं गर्छ; तर उसका सबै कर्महरू अल्लाहको ज्ञान, इच्छा र मशियत (इच्छा) भन्दा बाहिर हुँदैनन्।

**तक्दीरमाथिको ईमान चार तहमा आधारित हुन्छ:**

**पहिलो:** अल्लाहको सर्वव्यापी ज्ञानमाथि विश्वास गर्नु।

**दोस्रो:** कियामतको दिनसम्म घटित हुने हरेक कुरालाई अल्लाहले लेखिसक्नुभएको छ भन्ने कुरामा ईमान राख्नु।

**तेस्रो:** अल्लाहको अटल इच्छा र पूर्ण शक्तिमाथि विश्वास गर्नु; उहाँले जे चाहनुहुन्छ, त्यही हुन्छ र उहाँले जे चाहनुहुन्न, त्यो हुँदैन।

**चौथो:** अल्लाह नै सम्पूर्ण वस्तुका सृष्टिकर्ता हुनुहुन्छ र उहाँको सृष्टिमा उहाँको कुनै साझेदार छैन भन्ने विश्वास गर्नु।





# أتعلم الوضوء

# वुजू गर्न सिकौँ



قال تعالى: ﴿إِنَّ ٱللَّهَ يُحِبُّ ٱلتَّوَّٰبِينَ وَيُحِبُّ ٱلۡمُتَطَهِّرِينَ﴾ (البقرة:٢٢٢).

अल्लाह तआलाले भन्नुभएको छ: {निःसन्देह, अल्लाह तौबा गर्नेहरूलाई र पवित्रता अपनाउनेहरूलाई प्रेम गर्नुहुन्छ।} [सूरह अल्-बकरह: २२]



नबी ﷺ ले भन्नुभयो: **"मेरो यस वुजूजस्तै वुजू गर।"** [बुखारी: १६४; मुस्लिम: २२६]

नमाजको महत्त्व अत्यन्त महान् भएकाले अल्लाहले नमाजअघि पवित्रता प्राप्त गर्न आदेश दिनुभएको छ र यसलाई नमाज सही हुनका लागि अनिवार्य शर्त बनाउनुभएको छ। त्यसैले पवित्रता नमाजको कुञ्जी हो। यसको महत्त्व र श्रेष्ठतालाई मनन गर्दा हृदय नमाज अदा गर्न उत्सुक हुन्छ। नबी ﷺ ले भन्नुभएको छ:**पवित्रता आधा ईमान हो... र नमाज प्रकाश हो।"** [सहीह मुस्लिम: २२३]

नबी ﷺ ले भन्नुभएको छ:**"जसले राम्रोसँग वुजू गर्छ, उसका पापहरू उसको शरीरबाट निस्केर जान्छन्।"** [सहीह मुस्लिम]

त्यसपछि भक्तले वुजू गरेर भौतिक रूपमा र यो इबादत पूरा गरेर आध्यात्मिक रूपमा पवित्र हुँदै, अल्लाह तआलाप्रति निष्ठावान् भई र नबी ﷺ को मार्गदर्शनको अनुसरण गर्दै आफ्ना पालनकर्तातर्फ अघि बढ्छ।

## वुजू गर्नुपर्ने अवस्थाहरू:

१ **नमाज पढ्न, चाहे त्यो फर्ज होस् वा नफ्ल।**

२ **काबाको तवाफ गर्न।**

३ **कुरआन छुन।**

## म पवित्र पानीले वुजू गर्छु र गुस्ल गर्छु:

पवित्र पानी: आकाशबाट वर्षिएको वा जमिनबाट मूल फुटेर निस्किएको र आफ्नो मूल प्राकृतिक अवस्थामा कायम रहेको त्यस्तो पानी हो, जसको रङ, स्वाद र गन्धमध्ये कुनै पनि गुण कुनै वस्तुका कारण परिवर्तन भएको हुँदैन।

# म वुजू गर्न सिक्दैछु

चरण
१

**नियत गर्नु र नियतको स्थान हृदय हो।**

नियतको अर्थ: अल्लाह तआलाको निकटता प्राप्त गर्नका लागि कुनै इबादत गर्ने हृदयको संकल्पलाई जनाउँछ।

चरण
२



**दुवै हातका हत्केला धुनु।**

चरण
३

**मुख कुल्ला गर्नु।**

मुख कुल्ला गर्नु: मुखमा पानी हालेर मुखभित्र राम्रोसँग घुमाउनु र त्यसपछि बाहिर निकाल्नु हो।



चरण ४



### नाकमा पानी हाल्नु।

नाकमा पानी हाल्नु: सासद्वारा पानीलाई नाकको भित्री भागको माथिल्लो सीमासम्म तान्नु हो।

त्यसपछि नाक सफा गर्नेः श्वासको बलले नाकभित्र रहेको सिँगान तथा अन्य फोहोर बाहिर निकाल्नु हो।

चरण ५

### अनुहार धुनु।

**अनुहारको सीमा:**

**अनुहार भन्नाले:** जसद्वारा आमनेसामने हुन सकिन्छ, त्यसलाई अनुहार भनिन्छ।

**चौडाइमा:** एक कानदेखि अर्को कानसम्म।

**लम्बाइमा:** टाउकोमा सामान्य रूपमा कपाल उम्रने स्थानदेखि चिउँडोको तल्लो भागसम्म।

अनुहार धुँदा अजार र कानको लोतीबीचको सेतो भाग पनि धुनुपर्छ।

**सेतो भाग भन्नाले:** अजार र कानको लोतीबीचको भागलाई जनाउँछ।

**अजार भन्नाले:** कानको प्वालसँग समानान्तर रहेको र टाउकोभित्रतर्फ जाने बाहिर निस्किएको हड्डीमाथिको कपाल तथा त्यसको तल कानको मूलसम्म रहेको कपाललाई जनाउँछ।



चरण
६



**दुवै हात औँलाका टुप्पादेखि कुहिनासम्म धुनु।**

दुवै कुहिना पनि वुजूमा अनिवार्य रूपमा धुनुपर्ने भागमा समावेश छन्।

चरण
७

**दुवै हातले पूरै टाउको र कानको एक पटक मसह गर्नु (पुछनु)।**

टाउको मसह गर्ने तरिका: दुवै हातले निधारबाट मसह सुरु गरी टाउकोको पछाडिसम्म लैजानु, अनि पछाडिबाट निधारसम्म फर्काउनु।

कान मसह गर्ने तरिका: दुवै चोर औँला कानको भित्री भागमा र दुवै बूढी औँला कानको बाहिरी भागमा राखी कानको भित्री र बाहिरी भागमा मसह गर्नु।





## चरण ८

**खुट्टाका औँलाका टुप्पादेखि** गोलीगाँठासम्म धुनु। खुट्टा धुने अनिवार्य भागमा दुवै गोलीगाँठो पनि समावेश छन्।

**गोलीगाँठो भन्नाले:** खुट्टाको दुवैतर्फ बाहिर निस्किएका दुईवटा हड्डीलाई जनाउँछ।



## यी कुराहरूले वुजू भङ्ग हुन्छ

**अगाडि वा पछाडिको मार्गबाट कुनै वस्तु निस्कनु, जस्तै: पिसाब, दिसा, वायु, वीर्य वा चिप्लो पदार्थ।**

**चेतना हराउनु, चाहे त्यो गहिरो निद्रा, बेहोसी, मादक पदार्थको प्रभाव वा पागलपनका कारण भएको होस्।**

**गुस्ल अनिवार्य हुने कुनै अवस्था उत्पन्न हुनु, जस्तै: जनाबत, महिनावारी वा प्रसूतिको रक्तस्राव।**

यदि कुनै व्यक्तिले दिसा गर्छ भने, उसले त्यसलाई सफा गर्नुपर्छ। पानीद्वारा सफा गर्नु उत्तम हुन्छ। पानीबाहेक फोहोर हटाउने अन्य शुद्ध र वैध वस्तुहरू, जस्तै ढुङ्गा, कागज, कपडा आदि प्रयोग गरेर पनि सफा गर्न सकिन्छ। तर कम्तीमा तीन पटक सफा गर्नुपर्छ।







# المسح على الخفين والجوربين

# खुफ र मोजामाथि मसह गर्नु





यदि कसैले छालाको मोजा (खुफ) वा सामान्य मोजा लगाएको छ भने, निम्न सर्तहरू पूरा भएमा खुट्टा नधोई त्यसैमाथि मसह गर्न सकिन्छ:

१ सानो र ठूलो दुवै प्रकारको धार्मिक अशुद्धताबाट पूर्ण रूपमा पवित्र भएपछि खुट्टा धोएर ती मोजा लगाएको हुनुपर्छ।

२ ती मोजा पवित्र हुनुपर्छ र तिनमा कुनै नजासत (नापाकी) लागेको हुनु हुँदैन।

३ मसह तोकिएको समय अवधिभित्र गर्नुपर्छ।

४ ती मोजा वैध तरिकाले प्राप्त गरिएका हुनुपर्छ; चोरी वा जबर्जस्ती हडपिएका हुनु हुँदैन।

**खुफ (छालाका मोजा):** भन्नाले पातलो छाला वा त्यस्तै सामग्रीबाट बनेको खुट्टामा लगाउने जुत्तालाई जनाउँछ।

**जौरब (सामान्य मोजा):** भन्नाले कपडा वा त्यस्तै सामग्रीबाट बनेका खुट्टामा लगाउने मोजालाई जनाउँछ।



## मोजामाथि मसह गर्नुको हिक्मत:

खुफ्फ वा मोजामाथि मसह गर्ने अनुमति दिनुको उद्देश्य मुस्लिमहरूलाई सहजता र सुविधा प्रदान गर्नु हो। विशेष गरी जाडो तथा अत्यधिक चिसो मौसममा वा यात्राका क्रममा मोजा वा खुफ्फ खोल्न र खुट्टा धुन कठिन हुने अवस्थामा यसले सहजता प्रदान गर्छ।

## मसह गर्ने अवधि:

**स्थानीय बासिन्दाका लागि:** एक दिन र एक रात (२४ घण्टा)।

**यात्रीका लागि:** तीन दिन र तीन रात (७२ घण्टा)।

मसह गर्ने समयको गणना मोजा (खुफ वा जौरब) लगाइसकेपछि वुजू भङ्ग भएपश्चात् पहिलो पटक मसह गरेको समयदेखि सुरु हुन्छ।



## खुफ वा मोजामाथि मसह गर्ने तरिका:

१ दुवै हात भिजाउनु।

२ हातलाई खुट्टाको माथिल्लो भागमा औँलाका टुप्पादेखि पिँडुलाको सुरुवातसम्म लैजाँदै मसह गर्नु।

३ दाहिने खुट्टामा दाहिने हातले र देब्रे खुट्टामा देब्रे हातले मसह गर्नु।

**मोजामाथि मसह अमान्य हुने अवस्थाहरू:**

१ गुस्ल अनिवार्य हुने कुनै अवस्था उत्पन्न हुनु।

२ मसह गर्ने निर्धारित अवधि समाप्त हुनु।





# الغُسْلُ

# गुस्ल (स्नान)



यदि पुरुष र महिलाबीच यौनसम्पर्क भयो, वा जागा अवस्थामा अथवा निद्रामा कामेच्छासहित वीर्य स्खलन भयो भने, नमाज वा पवित्रता आवश्यक पर्ने अन्य इबादत गर्नुअघि गुस्ल गर्नु अनिवार्य हुन्छ।

त्यसैगरी, महिलाको महिनावारी वा प्रसूतिपछिको रक्तस्राव समाप्त भएपछि पनि नमाज वा पवित्रता आवश्यक पर्ने अन्य इबादत गर्नुअघि गुस्ल गर्नु अनिवार्य हुन्छ।



### गुस्ल गर्ने तरिका:

मुस्लिमले जुनसुकै तरिकाले आफ्नो सम्पूर्ण शरीरमा पानी पुऱ्याउनुपर्छ। यसमा कुल्ली गर्नु र नाकमा पानी हालेर सफा गर्नु पनि समावेश छन्। जब उसले आफ्नो सम्पूर्ण शरीरमा पानी पुऱ्याउँछ, तब उसको ठूलो धार्मिक अशुद्धता समाप्त हुन्छ र ऊ पवित्र हुन्छ।

**जनाबतको अवस्थामा गुस्ल नगरेसम्म निम्न कार्यहरू गर्न निषेध छ:**

१ नमाज पढ्नु।

२ काबाको तवाफ गर्नु।

३ मस्जिदमा बस्नु; तर त्यहाँबाट भएर जान भने सकिन्छ।

४ कुरआन (मुस्हफ) छुनु।

५ कुरआन पढ्नु।





# التيمم

# तयम्मुम



यदि मुस्लिमले पवित्रता प्राप्त गर्न आवश्यक पानी पाएन, वा रोग आदि कारणले पानी प्रयोग गर्न नसक्ने अवस्थामा छ र नमाजको समय समाप्त हुने डर छ भने, उसले माटोबाट तयम्मुम गर्नुपर्छ।



**तयम्मुम गर्ने तरिका:** दुवै हातले एक पटक पवित्र माटोमा प्रहार गरी त्यसले अनुहार र दुवै हातका पञ्जामा मसह गर्नुपर्छ। प्रयोग गरिने माटो पवित्र हुनुपर्छ।

## तयम्मुम भङ्ग हुने कुराहरू:

१ वुजू भङ्ग गर्ने सबै कुराले तयम्मुम पनि भङ्ग गर्छ।

२ जुन इबादतका लागि तयम्मुम गरिएको हो, त्यो सुरु गर्नुअघि पानी उपलब्ध हुनु।



# أتعلم الصلاة

# नमाज पढ्न सिकौँ





अल्लाहले प्रत्येक मुस्लिममाथि दिन–रातमा पाँचवटा नमाज अनिवार्य गर्नुभएको छ। ती हुन्: फज्र, जुहर, अस्र, मगरिब र इशा।

## म नमाजका लागि तयारी गर्दैछु

नमाजको समय सुरु भएपछि मुस्लिमले सानो धार्मिक अशुद्धता भएको अवस्थामा वुजू गरेर र ठूलो धार्मिक अशुद्धता भएको अवस्थामा गुस्ल गरेर पवित्रता प्राप्त गर्नुपर्छ।

ठूलो धार्मिक अशुद्धता (हदस-अक्बर): भन्नाले त्यस्तो अवस्था हो, जसका कारण मुस्लिममाथि गुस्ल अनिवार्य हुन्छ।

सानो धार्मिक अशुद्धता (हदस-अस्गर): भन्नाले त्यस्तो अवस्था हो, जसका कारण मुस्लिममाथि वुजू अनिवार्य हुन्छ।

- मुस्लिमले आफ्नो गुप्ताङ्ग ढाक्ने गरी पवित्र लुगा लगाएर, नजासत (फोहोर) बाट पवित्र र सफा स्थानमा नमाज पढ्नुपर्छ।
- मुस्लिमले नमाजका लागि उपयुक्त लुगा लगाएर आफ्नो शरीर ढाक्नुपर्छ। पुरुषले नमाजमा नाभिदेखि घुँडासम्मको भाग खुला राख्नु हुँदैन।
- महिलाले नमाजमा अनुहार र दुवै हातका पञ्जाबाहेक आफ्नो सम्पूर्ण शरीर ढाक्नुपर्छ।
- मुस्लिमले नमाजमा नमाजसँग सम्बन्धित निर्धारित शब्दहरूबाहेक अन्य कुरा गर्नु हुँदैन। इमामले कुरआन पाठ गर्दा ध्यानपूर्वक सुन्नुपर्छ र नमाजमा यताउता फर्केर हेर्नु हुँदैन।यदि उसलाई नमाजका निर्धारित पाठहरू कण्ठ गर्न कठिन भएमा, नमाज समाप्त नहुन्जेल अल्लाहको जिक्र र तस्बीह गर्नुपर्छ। साथै, उसले नमाज र त्यसका पाठहरू यथाशीघ्र सिक्ने प्रयास गर्नुपर्छ।



## म नमाज पढ्न सिक्छु

### चरण १

मैले अदा गर्न लागेको फर्ज नमाजको नियत गर्छु। नियत गर्ने स्थान हृदय हो। वुजू गरेपछि किब्लातर्फ फर्कन्छु र यदि उभिन सक्षम छु भने उभिएर नमाज पढ्छु।

### चरण २

म दुवै हातलाई काँधको तहसम्म उठाउँदै "अल्लाहु अकबर" भनी नमाज सुरु गर्छु।



### चरण ३

म वर्णन गरिएका इफ्तिताह (सना) का दुआहरूमध्ये कुनै एउटा दुआ पढ्छु। तीमध्ये एउटा दुआ: 'सुब्हानकल्लाहुम्म वबिहम्दिक, वतबारकस्मुक, वतआला जद्दुक, वला इलाहा गैरुक।'



### चरण ४

म श्रापित शैतानबाट अल्लाहको शरण माग्छु र भन्छु: 'अऊजु बिल्लाहि मिनश्शैतानिर्रजीम।'

## चरण ५

म प्रत्येक रकअतमा सूरह अल-फातिहा पढ्छु। त्यो यस प्रकार छ: ‘बिस्मिल्लाहिर्रहमानिर्रहीम (१) अल्हम्दु लिल्लाहि रब्बिल्-आलमीन (२) अर्रहमानिर्रहीम (३) मालिकि यौमिद्दीन (४)

इय्याक नअबुदु व इय्याक नस्तईन (५) इह्दिनस्-सिरातल्-मुस्तकिम (६) सिरातल्लजीन अनअम्त अलैहिम, गैरिल्-मग्दूबी अलैहिम वलद्दाल्लीन (७)।’

सूरह अल-फातिहापछि प्रत्येक नमाजको पहिलो र दोस्रो रकअतमा कुरआनबाट आफूलाई सहज हुने केही सूरह पढ्छु। यो अनिवार्य होइन, तर यसो गर्दा ठूलो पुण्य प्राप्त हुन्छ।

## चरण ६

म “अल्लाहु अकबर” भन्छु अनि रुकू गर्छु। रुकूमा ढाड र पिठ्यूँ सीधा राखेर हातका औँलाहरू फैलाउँदै घुँडामाथि राख्छु। त्यसपछि रुकूमा “सुब्हाना रब्बियल-अजीम” भन्छु।



चरण

७



म "समिअल्लाहु लिमन हमिदह" भन्दै रुकूबाट उठ्छु र दुवै हातलाई काँधको तहसम्म उठाउँछु। पूर्ण रूपमा सीधा उभिएपछि "रब्बना व लकल्-हम्द" भन्छु।

चरण

८

म "अल्लाहु अकबर" भन्छु र सज्दा गर्छु। सज्दा गर्दा दुवै हात, दुवै घुँडा, दुवै खुट्टाका औँलाहरू, निधार र नाक जमिनमा राख्छु। त्यसपछि सज्दामा "सुब्हाना रब्बियल-आ'ला" भन्छु।



## चरण ९



म "अल्लाहु अकबर" भन्छु र सज्दाबाट उठेर ढाड सीधा हुने गरी बस्छु। बायाँ खुट्टामाथि बसेर दायाँ खुट्टा ठड्याएर राख्छु र "रब्बिग्फिरली" भन्छु।

## चरण १०

म "अल्लाहु अकबर" भन्छु र पहिलो सज्दा गरेझैँ दोस्रो पटक सज्दा गर्छु।

## चरण ११

म "अल्लाहु अकबर" भन्दै सज्दाबाट उठेर सीधा उभिन्छु। नमाजका बाँकी रकअतहरूमा पनि पहिलो रकअतमा गरेझैँ नै गर्छु।



यदि जुहर, अस्र, मगरिब वा इशाको नमाज हो भने, दोस्रो रकअतपछि पहिलो तशह्हुदका लागि बसेर निम्न दुआ पढ्छु:

"अत्तहिय्यातु लिल्लाहि वस्सलवातु वत्तय्यिबातु, अस्सलामु अलैक अय्युहन्नबिय्यु व रह्मतुल्लाहि व बरकातुहू, अस्सलामु अलैना व अला इबादिल्लाहिस्सालिहीन। अश्हदु अल्ला इलाहा इल्लल्लाहु, व अश्हदु अन्न मुहम्मदन अब्दुहू व रसूलुहू।"

त्यसपछि तेस्रो रकअतका लागि उभिएर बाँकी रकअतहरू पूरा गर्छु।



प्रत्येक नमाजको अन्तिम रकअतपछि बसेर अन्तिम तशह्हुद पढ्छु। पहिले अत्तहिय्यात पढ्छु, त्यसपछि दुरूद शरीफ पढ्छु:

"अत्तहिय्यातु लिल्लाहि वस्सलवातु वत्तय्यिबातु, अस्सलामु अलैक अय्युहन्नबिय्यु व रह्मतुल्लाहि व बरकातुहू, अस्सलामु अलैना व अला इबादिल्लाहिस्सालिहीन। अश्हदु अल्ला इलाहा इल्लल्लाहु, व अश्हदु अन्न मुहम्मदन अब्दुहू व रसूलुहू। अल्लाहुम्म सल्लि अला मुहम्मदिन व अला आलि मुहम्मदिन, कमा सल्लैता अला इब्राहीम व अला आलि इब्राहीम, इन्नका हमीदुम मजिद। अल्लाहुम्म बारिक अला मुहम्मदिन व अला आलि मुहम्मदिन, कमा बारकता अला इब्राहीम व अला आलि इब्राहीम, इन्नका हमीदुम मजिद।"

## चरण

## १२



त्यसपछि दायाँतर्फ फर्केर "अस्सलामु अलैकुम व रह्मतुल्लाह" भन्छु। त्यसपछि बायाँतर्फ फर्केर पनि "अस्सलामु अलैकुम व रह्मतुल्लाह" भन्छु। यसरी नमाज समाप्त हुन्छ।





# حجاب المرأة المسلمة

# मुस्लिम महिलाको हिजाब



قال تعالى: ﴿يَٰٓأَيُّهَا ٱلنَّبِيُّ قُل لِّأَزۡوَٰجِكَ وَبَنَاتِكَ وَنِسَآءِ ٱلۡمُؤۡمِنِينَ يُدۡنِينَ عَلَيۡهِنَّ مِن جَلَٰبِيبِهِنَّۚ
ذَٰلِكَ أَدۡنَىٰٓ أَن يُعۡرَفۡنَ فَلَا يُؤۡذَيۡنَۗ وَكَانَ ٱللَّهُ غَفُورٗا رَّحِيمٗا ٥٩﴾ (الأحزاب: ٥٩).

अल्लाह तआला भन्नुहुन्छ: {हे नबी! आफ्ना पत्नीहरू, छोरीहरू र ईमानवाला महिलाहरूलाई भनिदिनुहोस्, उनीहरूले आफ्ना चादर (जिलबाब) का केही भाग आफ्ना शरीरमाथि झुण्ड्याएर राखून्। ताकि उनीहरूलाई चिन्न सजिलो होस् र उनीहरूलाई दुःख नदिइयोस् भन्ने कुराका लागि बढी उपयुक्त छ। अल्लाह अत्यन्त क्षमाशील, परम दयालु हुनुहुन्छ।}
[सूरह अल-अहजाब: ५९]

अल्लाहले मुस्लिम महिलामाथि हिजाब (पर्दा) धारण गर्नु र आफ्नो लज्जास्थान तथा सम्पूर्ण शरीरलाई गैर-महरम पुरुषहरूबाट आफ्नो देशमा प्रचलित मर्यादित पोसाकद्वारा ढाक्नु अनिवार्य गर्नुभएको छ। उनले आफ्नो पति वा आफ्ना महरम पुरुषहरूका अगाडि मात्र हिजाब खोल्न सक्छिन्।

महरम भन्नाले: ती पुरुषहरू हुन्, जससँग मुस्लिम महिलाले सधैँका लागि विवाह गर्न सक्दिनन्। उनीहरू हुन्: बुबा र माथिका पुर्खाहरू, छोरा र तलका सन्तानहरू, काका, मामा, दाजुभाइ, दाजुभाइका छोरा, दिदीबहिनीका छोरा, आमाको पति (सौतेला बुबा), पतिको बुबा र माथिका पुर्खाहरू, पतिको छोरा र तलका सन्तानहरू, दूधे दाजुभाइ तथा दूध खुवाउने महिलाका पति।

दूधको सम्बन्धबाट पनि त्यही नाता महरम हुन्छ, जुन वंशगत नाताबाट महरम हुन्छ।

## मुस्लिम महिलाले आफ्नो पहिरनमा निम्न कुराहरूको पालना गर्नुपर्छ:

**पहिलो:** पहिरनले सम्पूर्ण शरीर ढाकेको हुनुपर्छ।

**दोस्रो:** पहिरन आफैँमा सजावट र आकर्षणको साधन हुनु हुँदैन।

**तेस्रो:** पहिरन पातलो वा पारदर्शी हुनु हुँदैन, जसबाट शरीर देखियोस्।

**चौथो:** पहिरन खुकुलो हुनुपर्छ, कसिलो हुनु हुँदैन, ताकि शरीरका कुनै पनि अंगको आकार नदेखियोस्।

**पाँचौँ:** पहिरनमा सुगन्ध लगाइएको हुनु हुँदैन।

**छैटौँ:** पहिरन पुरुषहरूको पहिरनसँग मिल्दोजुल्दो हुनु हुँदैन।

**सातौँ:** पहिरन गैर-मुस्लिम महिलाहरूले आफ्ना धार्मिक उपासना वा धार्मिक पर्वहरूमा लगाउने पहिरनसँग मिल्दोजुल्दो हुनु हुँदैन।







مِنْ صِفَاتِ المؤمن

# मोमिनका विशेषताहरू



قال تعالى: ﴿إِنَّمَا ٱلْمُؤْمِنُونَ ٱلَّذِينَ إِذَا ذُكِرَ ٱللَّهُ وَجِلَتْ قُلُوبُهُمْ وَإِذَا تُلِيَتْ عَلَيْهِمْ ءَايَٰتُهُۥ زَادَتْهُمْ إِيمَٰنًا وَعَلَىٰ رَبِّهِمْ يَتَوَكَّلُونَ ۝٢﴾ (الأنفال : ٢)

अल्लाह तआला भन्नुहुन्छ: {मोमिनहरू त तिनीहरू हुन्, जसका अगाडि अल्लाहको चर्चा गरिँदा उनीहरूका हृदयहरू डरले काँप्छन्, जब उनीहरूलाई उहाँका आयतहरू पढेर सुनाइन्छ, तब ती आयतहरूले उनीहरूको ईमान बढाउँछन् र उनीहरू आफ्ना पालनकर्तामाथि नै भरोसा गर्छन्।} [सूरह अल-अन्फाल: २]

- आफ्नो कुराकानीमा सत्य बोल्छ र झूट बोल्दैन।
- आफ्नो वाचा र प्रतिज्ञा पूरा गर्छ।
- विवाद गर्दा मर्यादाहीन व्यवहार गर्दैन।
- अमानतको हक अदा गर्छ।
- आफ्नो मुस्लिम दाजुभाइका लागि त्यही कुरा मन पराउँछ, जुन आफ्ना लागि मन पराउँछ।
- उदार र दानी हुन्छ।
- मानिसहरूसँग सद्व्यवहार गर्छ।
- नातागोता जोडेर राख्छ।
- अल्लाहको निर्णयप्रति सन्तुष्ट हुन्छ; सुख र समृद्धिको अवस्थामा उहाँलाई धन्यवाद दिन्छ र दुःख–कष्टको अवस्थामा धैर्य गर्छ।
- लज्जाशील हुन्छ।
- सबै सृष्टिप्रति दया गर्छ।
- उसको हृदय द्वेष र ईर्ष्याबाट मुक्त हुन्छ र उसका अङ्गहरूले अरूमाथि अत्याचार गर्दैनन्।





- मानिसहरूलाई क्षमा गर्छ।
- ब्याज लिँदैन र ब्याजको कारोबार गर्दैन।
- व्यभिचार गर्दैन।
- मदिरा पिउँदैन।
- आफ्ना छिमेकीहरूसँग राम्रो व्यवहार गर्छ।
- न अत्याचार गर्छ, न विश्वासघात।
- न चोरी गर्छ, न छलकपट गर्छ।
- आफ्ना आमाबुबाप्रति सद्व्यवहार गर्छ, उनीहरू गैर-मुस्लिम भए पनि; तर उचित कुरामा उनीहरूको आज्ञापालन गर्छ।
- आफ्ना सन्तानलाई सदाचारमा हुर्काउँछ, उनीहरूलाई अनिवार्य धार्मिक कर्तव्यहरू पालन गर्न आदेश दिन्छ र दुराचार तथा हराम कार्यहरूबाट रोक्छ।
- गैर-मुस्लिमहरूको धार्मिक विशेषता, पहिचान तथा प्रतीक बनेका प्रचलन र रीतिरिवाजहरूको अनुकरण गर्दैन।







سعادتي في ديني الإسلام

# मेरो खुशी मेरो इस्लाम धर्ममा निहित छ



قال تعالى: ﴿مَنْ عَمِلَ صَٰلِحًا مِّن ذَكَرٍ أَوْ أُنثَىٰ وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُۥ حَيَوٰةً طَيِّبَةً ۖ وَلَنَجْزِيَنَّهُمْ أَجْرَهُم بِأَحْسَنِ مَا كَانُوا۟ يَعْمَلُونَ ﴿٩٧﴾﴾ (النحل : ٩٧).

अल्लाह तआला भन्नुहुन्छः {जो व्यक्ति ईमानको अवस्थामा सत्कर्म गर्छ, चाहे पुरुष होस् वा महिला, हामी उसलाई अवश्य नै सुखमय जीवन प्रदान गर्नेछौँ र उनीहरूले गरेका कर्महरूको आधारमा उनीहरूलाई अवश्य नै उत्कृष्ट प्रतिफल प्रदान गर्नेछौँ।} [सूरह अन्-नह्लः ९७]

मुस्लिमका लागि आनन्द, सन्तुष्टि र खुसीको सबैभन्दा ठूलो स्रोत आफ्नो पालनकर्तासँगको प्रत्यक्ष सम्बन्ध हो। यसका लागि जीवित, मृत वा मूर्तिहरूलाई कुनै मध्यस्थकर्ता बनाउन आवश्यक पर्दैन। अल्लाहले आफ्नो पवित्र किताबमा उल्लेख गर्नुभएको छ, उहाँ सधैँ आफ्ना भक्तहरूको नजिक हुनुहुन्छ, उनीहरूको कुरा सुन्नुहुन्छ र उनीहरूको दुआ स्वीकार गर्नुहुन्छ। उहाँले भन्नुभएको छ: {जब मेरा भक्तहरू मेरो बारेमा तिमीसँग सोध्छन्, निश्चय नै म नजिक छु। पुकार्नेले मलाई पुकार्दा म उसको पुकारको जवाफ दिन्छु। त्यसैले उनीहरूले मेरो आदेश स्वीकार गरून् र ममाथि ईमान ल्याऊन्, ताकि उनीहरूले सही मार्ग पाऊन्।} [सूरह अल-बकरह: १८६]

अल्लाह तआलाले हामीलाई उहाँसँग दुआ गर्न आदेश दिनुभएको छ र दुआलाई उहाँको निकटता प्राप्त गर्ने महान् इबादतमध्ये एक बनाउनुभएको छ। उहाँले भन्नुभएको छ: {तिम्रा पालनकर्ताले भन्नुभयो: "मलाई पुकार, म तिम्रो पुकारको जवाफ दिनेछु।} [सूरह गाफिर: ६०]

धर्मी मुस्लिमलाई सधैँ आफ्नो पालनकर्ताको आवश्यकता हुन्छ। त्यसैले ऊ निरन्तर उहाँसँग दुआ गर्छ र विभिन्न इबादत तथा सत्कर्महरूमार्फत उहाँको निकटता प्राप्त गर्ने प्रयास गर्छ।

अल्लाहले हामीलाई यस ब्रह्माण्डमा एउटा महान् उद्देश्यका लागि सृष्टि गर्नुभएको हो। उहाँले हामीलाई व्यर्थमा सृष्टि गर्नुभएको होइन। त्यो उद्देश्य उहाँको मात्र उपासना गर्नु र उहाँसँग कसैलाई साझेदार नठहराउनु हो। उहाँले हाम्रो लागि एउटा व्यापक ईश्वरीय धर्म निर्धारण गर्नुभएको छ, जसले हाम्रो व्यक्तिगत तथा सामाजिक जीवनका सबै पक्षलाई व्यवस्थित गर्छ।

यस न्यायपूर्ण विधानद्वारा उहाँले जीवनका आवश्यक आधारहरूको संरक्षण गर्नुभएको छ। ती आधारहरू हुन्: धर्म, जीवन, इज्जत, बुद्धि र सम्पत्ति। जसले उहाँका आदेशहरूको पालना गर्दै र उहाँले निषेध गर्नुभएका कुराहरूबाट बच्दै जीवन बिताउँछ, उसले यी आधारभूत आवश्यकताहरूको संरक्षण गरेको हुन्छ। निश्चय नै, यस्तो व्यक्ति आफ्नो जीवनमा सुख, सन्तुष्टि र शान्तिका साथ बाँच्नेछ।

मुस्लिमको आफ्नो पालनकर्तासँगको सम्बन्ध जति गहिरो हुन्छ, त्यति नै उसको हृदयमा शान्ति, मानसिक सान्त्वना, सुरक्षा र आनन्दको अनुभूति बढ्दै जान्छ। साथै, उसले आफ्ना विश्वासी भक्तहरूमाथि पालनकर्ताको निगरानी, हेरचाह र संरक्षण रहेको अनुभूति गर्छ। अल्लाहले भन्नुभएको छ: {अल्लाह ईमानवालाहरूका संरक्षक हुनुहुन्छ। उहाँले उनीहरूलाई अन्धकारबाट प्रकाशतर्फ डोर्याउनुहुन्छ।} [सूरह अल-बकरह: २५७]

यो महान् सम्बन्ध एउटा यस्तो भावनात्मक अवस्था हो, जसले मानिसलाई परम दयालु अल्लाहको इबादतमा आनन्द लिन, उहाँसँग भेट हुने चाहना राख्न र ईमानको मिठास अनुभूति गर्दै आफ्नो हृदयलाई खुसीको आकाशमा उड्न प्रेरित गर्छ।

त्यो मिठासको आनन्द त्यही व्यक्तिले मात्र वर्णन गर्न सक्छ, जसले आज्ञापालन र पापबाट बच्ने माध्यमबाट त्यसको स्वाद चाखेको हुन्छ। त्यसैले नबी ﷺ ले भन्नुभएको छ: "जो व्यक्ति अल्लाहलाई आफ्नो पालनकर्ताका रूपमा, इस्लामलाई आफ्नो धर्मका रूपमा र मुहम्मदलाई आफ्नो रसूलका रूपमा स्वीकार गरेर सन्तुष्ट हुन्छ, उसले ईमानको मिठास चाखेको छ।"



हो, यदि कुनै व्यक्तिले आफू सधैं आफ्नो सृष्टिकर्ताको निगरानीमा रहेको अनुभूति गर्छ, उहाँलाई उहाँका उत्कृष्ट नाम र उच्च गुणहरूमार्फत चिन्छ, उहाँलाई देखेजस्तै गरी इबादत गर्छ, उहाँको उपासनामा निष्ठावान् रहन्छ र उहाँबाहेक अरू कसैको चाहना राख्दैन भने, उसले यस संसारमा सुखी र उत्तम जीवन बिताउनेछ र परलोकमा पनि सुखद अन्त्य प्राप्त गर्नेछ।

यस संसारमा मोमिनमाथि आइपर्ने विपत्तिहरू पनि ईमानको दृढ विश्वास, अल्लाह तआलाको निर्णयप्रति सन्तुष्टि, उहाँका सबै निर्णयहरू; चाहे ती सुखद होऊन् वा दुःखदप्रति उहाँको प्रशंसा गर्ने भावना र उहाँको निर्णयमा पूर्ण सन्तुष्टिका कारण र सहज बन्छन्।

अल्लाहलाई बारम्बार सम्झनु र पवित्र कुरआनको पाठ गर्नु पनि हृदयमा शान्ति र सन्तुष्टि प्राप्त गर्ने माध्यम हो। अल्लाहले भन्नुभएको छः {जो मानिसहरू ईमान ल्याएका छन् र जसका हृदयहरू अल्लाहको स्मरणद्वारा शान्त हुन्छन्। सुन! अल्लाहको स्मरणद्वारा नै हृदयहरू शान्ति प्राप्त गर्छन्।} [सूरह अर्-रअदः २८]

मुस्लिमले जति धेरै अल्लाहको स्मरण गर्छ र कुरआनको पाठ गर्छ, त्यति नै अल्लाहसँगको उसको सम्बन्ध बलियो हुन्छ, उसको आत्मा त्यति नै शुद्ध हुन्छ र उसको ईमान त्यति नै दृढ हुन्छ।

त्यसैगरी, मुस्लिमले आफ्नो धर्मसम्बन्धी कुराहरू सही र भरपर्दो स्रोतहरूबाट सिक्न विशेष ध्यान दिनुपर्छ, ताकि उसले स्पष्ट ज्ञान र अन्तर्दृष्टिका साथ अल्लाहको इबादत गर्न सकोस्। किनकि नबी ﷺ ले भन्नुभएको छः {ज्ञान प्राप्त गर्नु प्रत्येक मुस्लिममाथि अनिवार्य छ।} [इब्ने मजा]

उसले आफूलाई सृष्टि गर्नुहुने अल्लाहका आदेशहरूप्रति पूर्ण रूपमा समर्पित र आज्ञाकारी हुनुपर्छ, चाहे उसलाई ती आदेशहरूको हिक्मत थाहा होस् वा नहोस्। किनकि अल्लाहले आफ्नो पवित्र किताबमा भन्नुभएको छः {कुनै मोमिन पुरुष वा मोमिन महिलाका लागि यो उचित होइन कि जब अल्लाह र उहाँका रसूलले कुनै विषयमा निर्णय गरिसक्नुभएको हुन्छ, तब त्यस विषयमा उनीहरूका लागि आफ्नो इच्छाअनुसार छनोट गर्ने कुनै अधिकार रहोस्। जसले अल्लाह र उहाँका रसूलको अवज्ञा गर्छ, निश्चय नै ऊ स्पष्ट रूपमा पथभ्रष्ट भएको छ।} [सूरह अल-अहजाबः ३६]

अल्लाहले हाम्रा नबी मुहम्मद, उहाँका परिवार र उहाँका सम्पूर्ण सहाबामाथि दया र शान्ति अवतरण गरून्।

# المختصر المفيد للمسلم الجديد

# नयाँ मुस्लिमका लागि संक्षिप्त र उपयोगी पुस्तिका



मानिसमाथि अल्लाहका महान् अनुग्रहहरूमध्ये एक यो पनि हो कि उहाँले मानवलाई इस्लामको मार्गदर्शन गर्नुहुन्छ, त्यसमा दृढ राख्नुहुन्छ र त्यसका आदेश तथा शिक्षाअनुसार जीवन बिताउने तौफीक (शक्ति) प्रदान गर्नुहुन्छ।
आकारमा सानो भए पनि विषयवस्तुका दृष्टिले अत्यन्त महत्त्वपूर्ण यस पुस्तिकामा नयाँ मुस्लिमले इस्लाम ग्रहण गरेपछि प्रारम्भिक चरणमा अनिवार्य रूपमा जान्नुपर्ने आधारभूत कुराहरूलाई संक्षिप्त र सरल शैलीमा प्रस्तुत गरिएको छ।
यी कुराहरू बुझेर तिनअनुसार कार्यान्वयन गरेपछि उसमा थप ज्ञान हासिल गर्ने उत्साह जागृत हुन्छ।
यसबाट उसले आफ्ना पालनकर्ता, आफ्ना नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) र इस्लाम धर्मका बारेमा अझ राम्रो र भरपर्दो ज्ञान प्राप्त गर्छ।
त्यसपछि उसले ज्ञान र स्पष्ट प्रमाणका आधारमा अल्लाहको उपासना गर्छ, उसको हृदयमा शान्ति छाउँछ, ईमान बलियो बन्दै जान्छ र अल्लाहको इबादत तथा उहाँका रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नतको अनुसरण गर्दै उहाँको अझ निकट हुने अवसर प्राप्त गर्छ।

NEPALI